## मिति २०८१/०२/१३ गते आइतबार, १५७ औं कार्यपालिका बैठक

**प्रस्तावहरु:**

१. अघिल्लो बैठकका निर्णय समीक्षा सम्बन्धमा ।

२. योजना तथा कार्यक्रमको सुपरिवेक्षण प्रतिवेदन सम्बन्धमा।

३. घोराही उपमहानगरपालिकाको मासिक खर्च विवरण सम्बन्धमा।

४. आगामी आ.व. २०८१/८२को बजेट तथा कार्यक्रम सम्बन्धमा।

५. लागत सहभागितामा आधारित योजना माग सम्बन्धमा।

६. गौरवका आयोजना सम्बन्धमा।

७. VO स्वीकृत सम्बन्धमा। (वडा नं. ११ खैरादेखि थारुगाउँहुँदै पर्सेनीसम्म सडक स्तरउन्नती)

८. ठेक्काको म्याद थप सम्बन्धमा। (वडा नं. १७)

९. खाना पकाउने स्वच्छ उर्जा कार्यक्रमका लागि साझेदारी व्यहोर्ने सम्बन्धमा।

१०. स्थानीय विषयको पाठ्यपुस्तक हाम्रो घोराही स्वीकृत सम्बन्धमा।

११. विद्यालयले भोगचलन गर्दै आएको जग्गा दर्ता सम्बन्धमा। (श्री सरयू आ.वि. विद्यालय वडा नं. ३)

१२. असाधारण विदा स्वीकृत सम्बन्धमा। (देवी न्यौपाने पौडेल, ब.अस्पताल नर्सिङ निरिक्षक, अधिकृत सातौं)

१३. IEE प्रतिवेदन स्वीकृत सम्बन्धमा। (निजि जग्गाबाट ढुंङ्गा संकलन/उत्खनन वडा नं. १९)

१४. ग्राभेल छर्री उपलब्ध गराउने सम्बन्धमा।

१५. स्वयंसेवक शिक्षकको करानामा सम्बन्धमा।

१६. चालु आ.व. २०८०/८१को बजेट थपघट सम्बन्धमा।

१७. स्वास्थ्य चौकी भवन निर्माण सम्बन्धमा।

१८. कार्यविधि सम्बन्धमा।

(क) सार्वजनिक खरिद नियमावली २०८१

(ख) निजि वन विकास तथा व्यवस्थापन कार्यविधि २०८१

(ग) लैङ्गीक हिंसा नियन्त्रित नगर घोषणा सम्बन्धी कार्यविधि २०८१

(घ) प्लाष्टिकजन्य वस्तु प्रतिबन्ध सम्बन्धि ऐन २०८१

१९. विविध।

**निर्णय नं. १**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समीक्षा गरियो।

**निर्णय नं. २**

घोराही उपमहानगरपालिकाको योजना अनुगमन जाँच पास तथा फरफारक समितिका संयोजक तथा उपप्रमुख श्री हुमा कुमारी डि.सी.ज्यूको संयोजकत्वमा वैशाख महिनामा गरिएको १६ वटा योजनाहरुको अनुगमनको प्रतिवेदन नगरकार्यपालिका समक्ष प्रस्तुत गरियो।

**निर्णय नं. ३**

घोराही उपमहानगरपालिकाको चालु आ.व. २०८०/८१को वैशाख १६ गतेसम्मको आय र व्ययको विवरण तपसिल बमोजिम रहेको जानकारी कार्यपालिका समक्ष प्रस्तुत गरियो।

**तपसिल**

| सि.नं. | कुल प्रस्तावित आय | वास्तविक आय | चालु तर्फको खर्च | पुँजीगत तर्फको खर्च | कैफियत |
|---|---|---|---|---|---|
| १ | २,१८,८४,८३,०००।- | १,६०,५९,१५,२९०.७२।- | ८४५१६१४२१।३८ (६६.९५%) | ३७५४४२३६१।६८ (४०.५७%) | |

**निर्णय नं. ४**

आगामी आ.व. २०८१/८२को वार्षिक बजेट तथा कार्यक्रम निर्माणका लागि वडाबाट प्राप्त बजेट तथा कार्यक्रम र महाशाखा/शाखाबाट विषयगत समितिमा छलफल गरी प्राथमिकता निर्धारण गरी प्राप्त योजना तथा कार्यक्रम छलफलका लागि बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पठाउने।

**निर्णय नं. ५**

आगामी आ.व. २०८१/८२को बजेट तथा कार्यक्रम निर्माणमा लागत सहभागितामा आधारित योजना समावेश गर्ने सम्बन्धमा यस घोराही उपमहानगरपालिकाको शहरी क्षेत्र(१४ र १५ नं. वडा)मा ३५% र ग्रामीण क्षेत्र(१४ र १५ नं. वडाका ग्रामीण क्षेत्र भनी तोकिएको क्षेत्र र बाँकी १७ वटा वडाहरु)मा २०% लागत सहभागितामा सडक पिच तथा पक्की नाला निर्माण गर्न इच्छुक टोल विकास संस्थाहरुबाट आयोजना माग गर्ने। यसरी लागत सहभागिता उठाउने प्रतिवद्धता सहित प्राप्त हुने आयोजनाहरुलाई प्राथमिकतामा राखी कार्यान्वयन गर्ने।

**निर्णय नं. ६**

घोराही उपमहानगरपालिकाका तपसिल बमोजिमका क्षेत्रगत आयोजनाहरुलाई गौरवको आयोजनाका रुपमा विकास गर्ने।

**<u>पूर्वाधार विकास तर्फ</u>**

- चक्रपथ निर्माण (वडा नं. ११ गणेसपुर-मज्गैवडा नं. ९ बुकाली डाँडा-एकलघरुवा-कर्मटिया-मछाई-आन्द्रभरैया-वडा नं. ५ धर्ना दामोदर रोड- धारापानी-वडा नं. ३ कुहिरेपानी-वडा नं. २ बलामपुरबाट नदिपारी हुँदै-वडा नं. १ सिमलतारा-विपि मार्ग-वडा नं. ४ लक्ष्मीपुर चोक-स्यालापानी-बसन्तपुर- चुक्ले पाटा-वडा नं. १७ पालुथान-मदनभण्डारी मार्ग-डवरी-वडा नं. १८ अम्बापुर-बाँसपोखरी-मसिना-गिठेपानी-रानीजरुवा-वडा नं. १३ बाह्रकुने-वडा नं. १२ आँखा अस्पताल रोड हुँदै गणेशपुर।)
- सरयु नदीको सिरमा साँस्कृतिक महत्व झल्कने पूर्वाधार निर्माण सहित सरयु करिडोर आयोजना
- रिहार-रज्जेमन्नामी-डाँगीगाउँ हुँदै शहिद मार्ग जोडने बाटो निर्माण।
- रामपुर सुर्केडाँगी हुँदै लमही जोडने बाटो निर्माण।
- वडा नं. १८ मसिनादेखि कटुवा खोला, लाकुरी छेडा हुँदै वडा नं. १९को वडा कार्यालय जोडने बाटो निर्माण।

**<u>आर्थिक विकास तर्फ</u>**

- बहुउद्देश्यीय जलाशय निर्माण,
- विभिन्न वडाहरुलाई कृषि पशु तथा फलफुल पकेट क्षेत्रको रुपमा विकास कार्यक्रम
  - ✓ वडा नं. ५ पशु तथा माछा,
  - ✓ वडा नं. २, ६, ७, ८ र ९ खाद्यान्न तथा  तरकारी कृषि पकेट क्षेत्र,
  - ✓ वडा नं. १ नगदेवाली( बेसार, अदुवा र पिडालु)
  - ✓ वडा नं. ४, ११ र  १२ र १३को माथिल्लो बेल्ट र वडा नं. १९ को सबै क्षेत्र फलफुल तथा पशुपालन पकेट क्षेत्र।
- कृषि तथा वचत सहकारी संस्थाहरुको सवलीकरण।
- बालिम खोला सिस्ने खोला कटुवा खोला चमही खोला सेवार खोला गुर्जे खोला हापुर खोला तटबन्धन तथा बाँध संरक्षण।
- मूख्य मूख्य धार्मिक साँस्कृतिक सम्पदाहरुको विकास प्रवर्द्धन
- औद्योगिक क्षेत्र तथा औद्योगिक ग्रामको विकास

**<u>सामाजिक विकास तर्फ</u>**

- बालमैत्री नगरको दिगो विकास तथा व्यवस्थापन
- लैङ्गिक हिंसा नियन्त्रीत नगर
- नमूना विद्यालय संचालन
- आधारभूत स्वास्थ्य सेवाको संचालन तथा प्रवर्द्धन

**<u>वन वातावरण तथा विपद व्यवस्थापन तर्फ</u>**

- पूर्ण सरसफाई नगर घोषणा कार्यक्रम
- विपद क्षेत्रको नक्सांकन तथा व्यवस्थापन

**<u>संस्थागत सुशासन तर्फ</u>**

- प्रविधिमैत्री सेवा

**निर्णय नं. ७**

घोराही उपमहानगरपालिका अन्तर्गत ठेक्का नं. NCB/WORKS/GSMC/35/079/80 वडा नं. ११ खैरा देखि थारुगाउँ हुँदै पर्सेनीसम्म सडक स्तरउन्नतीका लागि ग्राभेलको कार्य गर्दै गर्दा उक्त सडकमा पक्की नाला निर्माण गर्नुपर्ने भई शुरु इस्टिमेटमा फेरबदल हुन आएकोले उक्त ठेक्काको भेरीएसन अर्डर १ का लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ (५) बमोजिम गठित विषेशज्ञ समितिको मिति २०८१।०१।१८ गते बसेको बैठकबाट निर्णय अनुसार Variation Sheet मा उल्लेखित Original Contract Amount लाई Change Contract Amountको आधारमा सुधार गरी शुरु बोल कबोल अंकमा नबढने गरी उक्त ठेक्काको भेरिएसन अर्डर १ स्वीकृत गर्ने।

**निर्णय नं. ८**

घोराही उपमहानगरपालिका क्षेत्रभित्र योजना निर्माणका लागि सम्झौता भई सञ्चालित योजना विविध कारणले समयमै सम्पन्न हुन नसकेका कारण योजनाको बोलपत्रदाताबाट म्याद थपका लागि निवेदन प्राप्त गरी व्यहोरा अध्ययन गरी पूर्वाधार विकास महाशाखाबाट पेश भएका ठेक्का यस घोराही उपमहानगरपालिकालाई आर्थिक व्ययभार नपर्ने गरी सार्वजनिक खरिद नियमावली २०६४ (बाह्रौ संशोधन २०७९) को नियम १२० क र मिति २०८०।०३।२१ मा प्रकाशित सार्वजनिक खरिद (बाह्रौं संशोधन) नियमावली २०७९को बाधा अड्काउ फुकाउने आदेश अनुसार तपसिल बमोजिमको योजनाको म्याद थप गर्ने ।

**तपसिलः**

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | म्याद थप भएको मिति |
|---|---|---|---|---|---|---|
| १ | NCB/WORKS/GSMC /46/079/080 | चित्राङ्गत डि.सी.को घरदेखि नयाँबस्ती दामोदर सडक जोडने घोराही १७, कर्जाहीमा रहेको लालमणी पन्तको घरहुँदै दामोदर सडक जोडने सडक | श्री सुलीचौर निर्माण सेवा | २०८०।०७।१६ | २०८०।१०।१५ | २०८१।०२।२३ गते |

**निर्णय नं. ९**

वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र, मध्ये बानेश्वर, काठमाण्डौ मार्फत माग भएको हरित जलवायु कोषको सहयोगमा कार्यान्वयन हुने खाना पकाउने स्वच्छ उर्जा कार्यक्रम अन्तर्गत विद्युतीय चुलो, तह ३ को सुधारिएको चुलो र घरायसी बायोग्यासका लागि लागत साझेदारी गर्ने।

**निर्णय नं. १०**

सञ्चार चौतारी दाङको प्राविधिक सहयोगमा स्थानीय विषयको पाठ्यक्रममा आधारित भई निर्माण भएको पाठ्यपुस्तक **हाम्रो घोराही** मिति २०८१।०२।१३ गते बसेको नगर शिक्षा समितिको बैठकको निर्णयबाट स्वीकृतीका लागि सिफारिस साथ पेश भएको स्थानीय विषयको पाठ्यपुस्तक **हाम्रो घोराही** स्वीकृत गर्ने।

**निर्णय नं. ११**

घोराही उपमहानगरपालिका वडा नं. ३ स्थित श्री सरयू आधारभूत विद्यालय भैसकुर्माले स्थापना कालदेखि भोगचलन गर्दै आएको करिब ५ बिगाहा ८ नं. ऐलानी प्रति जग्गामा हाल विद्यालयको भौतिक संरचना समेत निर्माण भैसकेको तर हालसम्म पनि विद्यालयको नाममा दर्ता श्रेष्ता कायम नभएकोले उक्त जग्गा विद्यालयको नाममा दर्ताका लागि ३ नं. वडा कार्यालयको च.नं. २६६१, मिति २०८१।०१।२१ गतेको सिफारिस पत्रसाथ अनुरोध भई आएकोले उक्त जग्गा विद्यालयको नाममा दर्ता श्रेष्ता कायम गर्न सम्बन्धीत निकायमा सिफारिस गर्ने।

**निर्णय नं. १२**

यस कार्यालयमा कार्यरत नेपाल स्वास्थ्य सेवा, जनरल नर्सिङ समूह, बरिष्ठ अस्पताल नर्सिङ निरिक्षक, सातौ तहमा कार्यरत देवी न्यौपाने पौडेल (कर्मचारी संकेत नं. १९२१७९) ले नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (सचिवस्तर)को मिति २०८०।०३।२२ को निर्णय अनुसार नेपाल स्वास्थ्य सेवा नियमावली २०५५ को नियम ५४ को उपनियम (१) बमोजिम मिति २०८०।०१।१५ देखि २०८१।०१।१४गतेसम्म एक वर्षको असाधारण विदा स्वीकृत भई सो विदा भुक्तान समेत भइसकेको, थप असाधारण विदा स्वीकृतीका लागि मिति २०८१।०१।२३ गते यस कार्यालयमा निवेदन दिनुभएकोले नेपाल स्वास्थ्य सेवा नियमावली २०५५ को नियम ५४ को उपनियम (१)मा रहेको व्यवस्था अनुरुप दोस्रो पटकका लागि मिति २०८१।०१।१५ देखि २०८२।०१।१४ गतेसम्म एक वर्षको असाधारण विदा स्वीकृतीको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, लुम्बिनी प्रदेशमा सिफारिस गर्न सामान्य व्यवस्थापन महाशाखालाई निर्देशन दिने।

**निर्णय नं. १३**

पिनाकल इञ्जिनियरीङ सोलुसन एण्ड कन्सल्टेन्सी प्रा.लि. घोराही दाङले तयार पारेको घोराही उपमहानगरपालिकाको वडा नं. १९ अन्तर्गत नैन सिं घर्तीमगरको नामको साविक सैघा वडा नं. ७ कित्ता नं. १/घ २ को निजि जग्गाबाट ढुङ्गा संकलन/उत्खननको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन घोराही उपमहानगरपालिकाको भूमि व्यवस्थापन ऐन २०८१को दफा १९ को उपदफा (४) बमोजिम पेश भएको IEE प्रतिवेदन स्वीकृत गर्ने।

**निर्णय नं. १४**

घोराही उपमहानगरपालिका क्षेत्रभित्र सडक स्तरउन्नती अन्तर्गत पक्की नाला निर्माण भई बाटोको लेवल नमिलेका स्थानहरुमा वर्षाको समयमा पानी जम्ने भई मानिसको आवतजावतमा समेत कठिनाइ हुने अवस्था रहेकोले त्यस्ता स्थानहरुमा सडक ग्राभेल गरी बाटो र नालाको लेवल मिलाउन अत्यावश्यक रहेको भनि उपभोक्ताबाट माग भई आएमा इन्धन र ड्राइभरको भत्ता उपभोक्ताले व्यहोर्ने गरी ग्राभेल छर्री उपलब्ध गराउने।

**निर्णय नं. १५**

स्वयंसेवक शिक्षक छनौट समितिको मिति २०८१।०२।०९ गतेको सिफारिस बमोजिम छनौट भएका तपसिल बमोजिमका स्वयंसेवक शिक्षकहरुलाई स्वयंसेवक शिक्षक नियुक्ति सम्बन्धी कार्यविधि २०८०को दफा ७ को उपदफा (११) बमोजिम विद्यालय छनौट गर्ने गराउने काम सम्पन्न गरी स्वयंसेवक शिक्षकको नियुक्ति तथा पदस्थापन गर्न कार्यविधिको दफा ८ को उपदफा (१) बमोजिम करारनामाको लागि कार्यविधिको दफा ७ को उपदफा (११) बमोजिमको स्वयंसेवक शिक्षकहरुले विद्यालय छनौट गरेको सूची करार सम्झौता गर्ने निर्णय अनुमोदन गर्ने।

**तपसिलः**

**पदस्थापन हुने शिक्षकहरुको नामावलीः**

| क्र.सं. | शिक्षकको नाम थर | ठेगाना | तह | विषय | पदस्थापन हुने विद्यालय |
|---|---|---|---|---|---|
| १ | तुलसा भट्ट | प्यठान ७ प्युठान | मा.वि. | गणित | श्री माध्यामिक विद्यालय ढिकपुर दाङ |
| २ | शुष्मा गिरी | घोराही १३ | मा.वि. | विज्ञान | श्री गंगा मा.वि. रामपुर |
| ३ | चन्द्रकला दहित | दंगीशरण दाङ | मा.वि. | अंग्रेजी | श्री नरदेवी मा.वि. तेघरा |
| ४ | सुन्दर बुढामगर | परिवर्तन ३ रोल्पा | आधारभूत | गणित विज्ञान | श्री बालकल्याण मा.वि. खैरा |
| ५ | महेन्द्र पाण्डे | घोराही १८ दाङ | आधारभूत | गणित विज्ञान | श्री आधारभूत विद्यालय गिठेपानी |
| ६ | हुमेश डाँगी | परिवर्तन २ रोल्पा | आधारभूत | गणित विज्ञान | श्री सरयू आधारभूत विद्यालय भैस्कुर्मा |
| ७ | सुनयना बस्नेत | घोराही १२ दाङ | आधारभूत | गणित विज्ञान | श्री बाल विकास मा.वि. घोराही |
| ८ | अनिल चौधरी | घोराही १७ | आधारभूत | गणित विज्ञान | श्री माता पवित्रा साङवेद संस्कृत मा.वि. सुक्रवार |
| ९ | सिर्जना खरेल | घोराही १४ | आधारभूत | गणित विज्ञान | मदरसा दारुल हुदा अलसलफिया आ.वि. घोराही |
| १० | यादव बुढाथोकी | घोराही १ | आधारभूत | गणित विज्ञान | श्री आधारभूत विद्यालय सिमलतारा |
| ११ | शरद भण्डारी | घोराही २ दाङ | आधारभूत | विज्ञान तथा प्रविधि | श्री भूमि आ.वि. बाम्ला |
| १२ | सीता कुमारी खनाल | घोराही १ दाङ | आधारभूत | विज्ञान तथा प्रविधि | श्री नेपाल राष्ट्रिय आ.वि. दुन्द्रा |
| १३ | एरिज्ना चौधरी | घोराही १२ दाङ | आधारभूत | विज्ञान तथा प्रविधि | श्री आधारभूत विद्यालय हापुर गुर्जे |
| १४ | दिपक बि.क. | माडी ६ रोल्पा | आधारभूत | विज्ञान तथा प्रविधि | श्री आधारभूत विद्यालय सवारीकोट |
| १५ | केशव प्रसाद शर्मा | घोराही ६ दाङ | आधारभूत | खेलकुद | श्री महेन्द्र आ.वि. दलदितपुर |

**निर्णय नं. १६**

चालु आ.व. २०८०/८१का लागि नगरसभाबाट स्वीकृत भए बमोजिम प्रक्षेपित रकम प्राप्त हुन नसक्ने अवस्था देखिएको र केही योजनाहरु कार्य सम्पन्न भई सम्पूर्ण भुक्तानी दिनुपर्ने अवस्था रहेकोले तोकिएको शीर्षकमा स्रोत रकम अभाव देखिएकाले तपसिल बमोजिमका योजना कार्यक्रमको स्रोतमा रकम थप घट गर्ने।

**तपसिलः**

| सि.नं. | योजना कार्यक्रम | घट रकम | कैफियत |
|---|---|---|---|
| १ | नगर प्रशासनिक भवन | २०००० | |
| २ | कर्नरे देखि दल्जितपुरसम्म, भैसाही चोक देखि गैरागाउँ हुदै सर्रा जोडने सडक र कटुवा खोला शंखेपिपलदेखि १८ नं. वडा कार्यालय हुँदै अम्बिकेश्वरी मन्दिर जाने सडक पिच निर्माण आयोजना | ११००० | |
| ३ | खैराकोठरी सडक पिच वडा नं. ९ | ६००० | |
| ४ | घोराही १७ लख्वारे कुलोदेखी धर्नासम्म सडक विस्तार तथा पिच (थारु कल्याणकारी भवनदेखी गैरागाउ चोकसम्म) | १०००० | |
| ५ | घोराही चोकदेखी गुलरीया पार्कसम्म सडक पिच | ६००० | |
| ६ | जिल्ला प्रशासन देखि शहिद गेट हुँदै नेपाल बैंकसम्म नाला सहित सडक पिच | १००० | |
| ७ | भैसाही चोकदेखि वडा नं.४ को वडा कार्यालयसम्म सडक पिच निर्माण | १४००० | |
| ८ | वडा नं. १४ गोर्खा अस्पतालदेखि मिलन चोकसम्म फुटपाथ नाला सहित सडक स्तरउन्नती | ८००० | |
| ९ | वडा नं. १८ नेपाली सेना ब्यारेक हुँदै ढोडेनी जाने बाटोमा कल्भर्ट निर्माण र वडा नं. ११ को सुकै खोलामा कल्भर्ट निर्माण | १५०० | |
| १० | वडा नं. १८ नेपाली सेना ब्यारेक हुँदै ढोडेनी जाने बाटोमा कल्भर्ट निर्माण र वडा नं. ११ को सुकै खोलामा कल्भर्ट निर्माण | २५०० | |
| ११ | वडा नं. ४ मावि गोग्लीदेखि लक्ष्मीपुर मन्दिरसम्म सडक स्तरउन्नती | ३००० | |
| १२ | वडा नं. ५ रज्ने मन्नामे रिहार सडक निर्माण | १३०० | |
| १३ | वडा नं. ६ वडा कार्यालयदेखि फचकपुर- पक्वै- बेरगैं- बचाहा- बेरुवागाउँ हुँदै बबईसम्म सडक स्तरउन्नती | ३००० | |
| १४ | सौरी थारु गाउँ बाटो पिच निरन्तरता, वडा नं. १०को पूरानो वडा कार्यालय हुदै नारायणपुर थारुगाउँ हुँदै वनगाउँ जोडने बाटो निरन्तरता, मान बहादुरको मिलदेखि शंकर गौतमको घरसम्मको अधुरो सडक पिच र दक्षिण पानी टंकि चोकसम्म सडक पिच निरन्तरता | १००० | |
| १५ | वडा नं. ११ को मुलखोलि टोलको माझखुटीमा सिंचाई ड्याम निर्माण | १००० | |
| १६ | लागत सहभागिता | ५३०० | |

| | | | |
|---|---|---|---|
| १७ | संघ समपूरक, प्रदेश समपूरक, नगर समपूरक, सडक बोर्ड र झोलङ्गेपूलको लागि म्याचिङ फण्ड | १५००० | |
| १७ | ल्यान्डफिल साइडको अध्ययन गरी दिशाजन्य फोहर तथा लिचड व्यवस्थापन गर्ने कार्य | ३००० | |
| १९ | स्वास्थ्य चौकी वडा नं. १६ | १००० | |
| २० | नारायणपुर स्वास्थ्य संस्था भवन निर्माण | ३००० | |
| २१ | वडा नं. १२ ठटौली टेङ्नी गनार र डगरौडा खेतको भमैसोता तिरको डिलमा पक्की तटबन्धन | ३०० | |
| २२ | जग्गा खरिद | १७५०० | |
| २३ | वडा नं. १५ जिल्ला प्रशासन कार्यालयदेखि जेष्ठ नागरिक भवन, दिपशिखा चोक, गुरुकुल स्कुलहुँदै रतनपुर चोकसम्म बाँकी सडक स्तरउन्नती | ५०० | |
| २४ | नव प्रवर्द्धनमा आधारीत स्थानिय आर्थिक विकास कार्यक्रमका लागि लागत साझेदारी | ३००० | |
| २५ | वडा नं. १४ गोर्खा अस्पतालदेखि मिलन चोकसम्म फुटपाथ नाला सहित बाँकी सडक स्तरउन्नती | ५०० | |
| २६ | वडा नं. १५ पाठक चोकदेखि पूर्व गुलरिया पार्कसम्म बाँकी नाला सहित सडक स्तरउन्नती | ५०० | |
| २७ | वडा नं. १४ रझेना जाने चोकदेखि लक्की लामाको घरहुँदै आर्मि व्यारेकसम्म फुटपाथ सहितको बाँकी नाला सहित सडक स्तरउन्नती | ५०० | |
| | **बढाउने** | **बढ रकम** | |
| १ | वडा नं. १९ कटुवाखोला पलासेहुँदै १९ नं. वडा कार्यालय जोडने सडक स्तरउन्नती कल्भर्ट सहित | १६०० | |
| २ | वडा नं. १२ डाँडागाउँ पतेनी हुँदै वडा कार्यालय जाने बाटो स्तरउन्नती | २२०० | |
| ३ | १२ नं. वडा कार्यालयको भवन निर्माण | ५००० | |
| ४ | घोराही १२ ठटौलीदेखि विरता थाप्ला जोडने सडक स्तरउन्नती | ३०० | |
| ५ | ध्रुव कुमार श्रेष्ठको घरदेखि पाठक चोकसम्मको सडक स्तरउन्नती वडा नं. १५ | ११५०० | |
| ६ | वडा नं. १४ सुन्दरनगर टोल र शुभ बिहानी टोल जोडने सेवार खोलामा ट्रष्ट बृज निर्माण | २२०० | |
| ७ | १३ नं. वडा कार्यालयको कम्पाउण्ड वाल निर्माण | ११०० | |
| ८ | मा. वि. बुकामा कभर्ड हल निर्माण | ५००० | |
| ९ | वडा नं. ५ फुलबारी टोलमा अधुरो नाला निर्माण | ३०० | |
| १० | वडा नं. १३ मंलेरीदेखि गुज्रेखोला वडा नं. १२ को बसन्तपुर कृष्णपुरहुँदै साइपुर जोडने सडक स्तरउन्नती | १८०० | |

| | | | |
|---|---|---|---|
| ११ | वडा नं. १५ जिल्ला प्रशासन कार्यालयदेखि जेष्ठ नागरिक भवन, दिपशिखा चोक, गुरुकुल स्कुलहुँदै रतनपुर चोकसम्म सडक स्तरउन्नती | ४८०० | |
| १२ | वडा नं. ९ को पोखरा हुँदै वडा कार्यालयसम्म सडक स्तरउन्नती | २४०० | |
| १३ | वडा नं. १४ रझेना जाने चोकदेखि लक्की लामाको घरहुँदै आर्मि व्यारेकसम्म फुटपाथ सहितको नाला सडक स्तरउन्नती | २५०० | |
| १४ | वडा नं. १३ मंलेरी कृष्ण शाहको घरदेखि पदम महतराको घरहुँदै पिताम्बर के.सी.को घरसम्मको सडक स्तरोन्नती | १५०० | |
| १५ | वडा नं. १० नारायणपुर दुरसंचार टोलमा योग सभा हल निर्माण | ४००० | |
| १६ | चारकोठे भवन निर्माण मावि धर्ना | ९०० | |
| १७ | वडा नं.२ रामपुर बजार देखि निमुरियासम्म २ कि.मी.बाटो स्तरोन्नति | ११०३ | |
| १८ | वडा नं.२रामपुर पलासे चोकदेखि बालापुर सम्म बाटो स्तरोन्नति | १२०१२ | |
| १९ | वडा नं.७ पर्सादिखि राजपुर ठूलो थारुगाँउ हुदै बबई सम्म सडक स्तरोन्नति | १६४६ | |
| २० | वडा नं.१ बुका चरिङ्गे सडक स्तरोन्नति | ११४२ | |
| २१ | वडा नं.१ अदुवाबारी हुदै भोटेदहसम्म सडक स्तरोन्नति | ११६७ | |
| २२ | वडा नं.५ धोलडाँडा देखि गोठलीगाँउ जाने बाटो स्तरोन्नति | २३५६.५०० | |
| २३ | वडा नं. ६ जनकल्याण बादी वस्तीमा कुवा निर्माण | १०० | |
| २४ | वडा नं.१२ टिकरी एक्ले पीपल खाल्टैपानी नारेबाङ घनश्याम अधिकारीको घर हुदै सिमलखुटी जाने बाटो स्तरोन्नति | २६६.५०० | |
| २५ | वडा नं.१० दक्षिण अमराइ चोक देखि पहलेपार लम्डरुवा हुदै वडा नं.१२ कृष्णपुर जोड्ने सडक स्तरोन्नति | २०६१ | |
| २६ | वडा नं.११ नयाँवस्ती आँखाघारी हुदै बासगजेरीसम्म सडक स्तरोन्नति | १५७९ | |
| २७ | सडक विभाग देखि धारापानी जाने सडक निर्माण | १७५८ | |
| २८ | वडा नं. ५ खैरा गनारदेखि कप्तानचोक सडक स्तरउन्नती | २३०० | |
| ३९ | वडा नं. १५ मा सार्वजनिक शौचालय निर्माण | ४५० | |

**निर्णय नं. १७**

घोराही उपमहानगरपालिकाको वडा नं. १३ मा स्वास्थ्य चौकी निर्माणका लागि संघीय शसर्त अनुदान अन्तर्गत  कलमघारी भ्युडर प्राथमिक स्वास्थ्य चौकी घोराही-१३ दाङ शीर्षकमा बजेट विनियोजन भई आएकोमा वडा कार्यालयको च.नं. ३५५४, मिति २०८१।०१।०६ गतेको पत्रबाट वडा कार्यालय रहेकै स्थान कात्तिकेडाँडामा उक्त विनियोजित बजेटबाट स्वास्थ्य चौकी निर्माण गर्ने भनी पत्र प्राप्त भएकोले कलमघारी स्वास्थ्य चौकी निर्माणका लागी प्राप्त भएको बजेट कात्तिकेडाँडामा स्वास्थ्य चौकी निर्माण गर्न मिल्ने नमिल्ने सम्बन्धमा अर्थ मन्त्रालयमा लेखि पठाउने साथै उक्त योजनालाई बहुवर्षीय योजनाको रुपमा संघीय सरकारको आगामी आ.व.२०८१/८२को बजेटमा समेत समावेश गरि निरन्तरता दिन समेत अनुरोध गर्ने।

**निर्णय नं. १८**

विधेयक समितीको मिति २०८१।०२।११ र १२ गते बसेको बैठकमा छलफल भई पेश हुन आएका तपसिल बमोजिमका कार्यविधिहरु पेश गरियो।

**तपसिलः**

१. सार्वजनिक खरिद नियमावली २०८१
२. निजि वन विकास तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१
३. लैङ्गीक हिंसा नियन्त्रित नगर घोषणा सम्बन्धी कार्यविधि २०८१
४. प्लाष्टिकजन्य वस्तु प्रतिबन्ध सम्बन्धी  ऐन २०८१

**निर्णय नं. १९**

१९.१ जिल्ला ट्राफिक कार्यालय कार्य शाखा घोराहीबाट खानेपानीका लागि सहयोग गरिदिनुहुन भनि अनुरोध भई आएकोले खानेपानीका लागि इनार निर्माण गर्न प्राविधिक इस्टिमेट तयार गरी अधिकतम रु.७५,०००।-(पचहत्तर हजार)सम्म खर्च आर्थिक सहायता घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट भुक्तानी दिने।

**१९.२** स्वर्गद्वारी गुठी पिडित मोही किसान संघर्ष समिति दाङ देउखुरीलाई राष्ट्रिय सम्मेलनका लागि आर्थिक सहयोग माग भई आएकोले उक्त सम्मेलनका लागि हलभाडा स्वरुप रकम रु.३०,०००।- सहयोग स्वरुप घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।